“विधुवा, एकल महिला, गरीब र दीन-दु:खीहरूको हेरचाह र सेवा गर्ने व्यक्ति जिहाद (धर्म युद्ध) गर्ने वा दिउँसो ब्रत बस्ने र राती सलाह पढ्ने व्यक्ति सरह हो ।”

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : “विधुवा, एकल महिला, गरीब र दीन-दु:खीहरूको हेरचाह र सेवा गर्ने व्यक्ति जिहाद (धर्म युद्ध) गर्ने वा दिउँसो ब्रत बस्ने र राती सलाह पढ्ने व्यक्ति सरह हो ।”
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले एक महिलाको हितको ख्याल राख्छ, जसको पतिको मृत्यु भएको छ र उसको हेरचाह गर्ने कोही छैन; त्यसैगरी गरीब र दीन-दु:खीहरूको मद्दत र पालनपोषण गर्दछ, अल्लाहले उसलाई जिहाद (धर्म युद्ध) गर्ने वा नथकिएर तहज्जुदको नमाज पढ्ने र लगातार उपवास बस्ने व्यक्ति सरह पुण्य दिनुहुनेछ ।

https://sunnah.global/hadeeth/ne/show/3135